## नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५

## कार्यकालको

## निर्वाचन कार्यक्रमका लागि तयार गरिएको आचार संहिता र निर्वाचन प्रक्रिया

### शाखामा हुने निर्वाचन तालिका

मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार ।

समयः विहान ८:०० बजे देखि साँझ ६:०० बजे सम्म ।

### संघको केन्द्रमा हुने निर्वाचन तालिका

मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार ।

प्रत्येक दिन विहान ८:०० बजे देखि साँझ ६:०० बजे सम्म ।

### मतदान केन्द्रमा अपनाउने प्रक्रिया


१। केन्द्रबाट पठाइएको चुनाव सम्बन्धी सामग्रीहरु केन्द्रको निर्वाचन अधिकृतसँग समन्वय गरी शाखाको निर्वाचन समितिले बुझ्ने ।

२। केन्द्रबाट पठाइएको मतपत्रमा शाखाका आधिकारिक निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृतले हस्ताक्षर गरी मतपत्र सुरक्षित साथ राख्ने ।

३। शाखाको मतदान केन्द्रमा शान्तिपूर्ण तवरबाट निर्वाचन कार्यक्रम सम्पन्न गर्नका लागि मतदान केन्द्र वरिपरीको वातावरण सहमतिको आधारमा सुरक्षित बनाउने ।

४। मतदान केन्द्रमा आवश्यकता अनुसार लाइनको उचित व्यवस्थापन गर्ने ।

५। निर्वाचन कार्यक्रमलाई व्यवस्थित र मर्यादित बनाउनका लागि निर्वाचन समितिले सर्व पक्षिय बैठकको आयोजना गरी उम्मेदवारहरुका प्रतिनिधिहरुलाई छनौट गर्ने। त्यसरी छनौटमा परेका प्रतिनिधिहरुलाई अनुसूची १ बमोजिम नियुक्त गर्ने र मतदान केन्द्रलाई निम्न बमोजिमको सुरक्षा व्यवस्था कायम गर्ने ।




६। माथि उल्लेखित प्रतिनिधिहरुलाई निर्वाचन हुने स्थानभन्दा बाहिर पट्टि अर्थात निर्वाचन समितिको कामलाई असर नपार्ने गरी मतदाताहरुको सहयोगका लागि मतदाता नामावलीमा नाम रुजु गरी निर्वाचन अधिकृत समक्ष पठाउने ।

७। प्रनिनिधिहरुले रुजु गरी पठाएका मतदाताहरुको निर्वाचन समितिले परिचय पत्र र NMA and NMC नम्बर रुजु गरी मूल मतदाता नामावलीमा हस्ताक्षर गराई नीज मतदाताको नाममा हाइलाईटरले रंगाउने,रुजु गरी Branch को नाम सहित Voted लेख्ने र नीजको नाम रजिष्ट्रमा समेत अभिलेख गर्ने ।

८। मतदान अधिकृतले मतपत्रको माथिल्लो भागमा रहेको अर्धकट्टीमा मिति, मतदाताको नाम, NMA नम्बर र निर्वाचन अधिकृतको हस्ताक्षर गरी अर्घकट्टीभन्दा तलको आधिकारिक मतपत्र नीजलाई दिने ।

**मतपेटिकामा मतदान गर्ने तरिका:**

९। मतदानको लागि शाखाको निर्वाचन समितिले तयार गरेको वाकस वा केन्द्रबाट पठाइएको मतपेटिका प्रयोग गर्न सकिने छ । मतदान शुरु हुनुभन्दा अघि उक्त खाली मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राख्ने ।

१०। मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाउनु पर्छ ।

११। मतदातालाई एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन लगाउनु पर्छ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिनु हुँदैन ।

१२। मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई कालो कलमले मत संकेत गरी बाहिर आई उक्त मतपत्र मतपेटिकामा खसाल्ने ।

१३। मतदान केन्द्रमा निर्वाचन समितिले तोकेको अवधिभित्र मतदान केन्द्रभित्र प्रवेश गरेका मतदाताहरुलाई मतदान गर्नबाट बञ्चित गरिने छैन ।

१४। संघका सदस्यहरुले हाल तोकिएको स्थानमा मतदान गर्न असमर्थ भएमा पनि दोहोरो मतदान नहुने व्यवस्था मिलाई कुनै पनि मतदान केन्द्रमा योग्यता पुगेका नेपाल चिकित्सक संघका सदस्यहरुले मतदान गर्न पाउनेछन् । मतदान गर्नको लागि अनुसूची २ बमोजिम निवेदन पेश गर्नु पर्ने र अनिवार्य रुपमा उक्त निवेदन मतपत्र भएको खाममा Attach गरी मतपेटिकामा छिराउनु पर्नेछ । यदि कसैले एकभन्दा बढी स्थानमा मतदान गरेको पाइएमा यस्ता सवै मतपत्रहरु बदर गरिनेछन् ।

१५। निर्वाचन समितिले तोकेका निर्वाचन केन्द्रहरुमा संघका आधिकारिक मतदाताहरुले एक पटक मात्र मतदान गर्न पाउनेछन् । कुनै कारण बस संघका शाखा कार्यालयहरुमा तोकिएको समयावधिभित्र मतदान गर्न छुट भएको अवस्थामा नीजहरुले केन्द्रीय निर्वाचन समितिलाई अनुसूची २ बमोजिम निवेदन दिई उक्त निवेदन रुजु भए पश्चात मात्र केन्द्रको निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

## मतदान समापन भए पश्चात निर्वाचन समितिले गर्नु पर्ने कामहरु

१६। शाखामा सम्पन्न गरिएको निर्वाचन कार्यक्रममा भाग लिएका मतदाताहरुको नामावली विवरण मात्र मतदान सम्पन्न भएको बेलुका नै Email वा Courier द्वारा नेपाल चिकित्सक संघ, केन्द्रीय कार्यालय सिद्धि सदन, काठमाडौंमा आइपुग्ने गरी पठाउनु पर्नेछ । सो विवरण संघको केन्द्रीय कार्यालयमा पुगेको छ वा छैन भनी सुनिश्चित समेत गर्नु पर्नेछ। साथै उक्त विवरणको सक्कल प्रति केन्द्रमा पठाउने निर्वाचनको सामग्रीसँगै सुरक्षित राख्नु पर्दछ ।

१७। मतदान सकेपछि मतदान अधिकृत र सहायक मतदान अधिकृतले अनुसूची ३ र ४ बमोजिम मुचुल्का खडा गरी मतपेटिकालाई सिलबन्दी गरी सुरक्षित स्थानमा राख्ने र सुरक्षित तवरले संघको केन्द्रीय कार्यालयसँग समन्वय गरी केन्द्रमा पठाउने व्यवस्था गर्ने। साथै केन्द्रमा पठाउँदा निम्न लिखित निर्वाचन सम्बन्धी सामाग्रीहरु ठिक अवस्थामा छ वा छैन भनी रुजु गरी सुरक्षित साथ पठाउनु पर्नेछ ।

क) नियमापूर्वक सिलबन्दी गरिएको मतपेटिका

ख) मतपत्रको अर्धकट्टी

ग) चुनावमा बाँकी रहेको खाली मतपत्र

घ) केन्द्रबाट शाखाको निर्वाचन प्रयोजनका लागि पठाइएको मतदाता नामावलीमा शाखाको मतदान केन्द्रमा मतदाताले हस्ताक्षर गरेको मतदाता नामावली

## स्वच्छ, निष्पक्ष र सुरक्षित निर्वाचन सम्पन्न गर्नका लागि अपनाउनु पर्ने प्रक्रियाहरु

१८. निर्वाचन प्रयोजनका लागि तयार गरिएका पेटिकाहरुका सम्बन्धमा चुनाव अधिकृत वा निर्वाचन समितिले अक्तियारी प्रदान गरेको आधारिक व्यक्ति बाहेक अन्य व्यक्तिहरुले छुन नपाउने ।

१९. चुनावी कार्यक्रम सार्वजनिक भए पश्चात निर्वाचन कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहुँदा सम्म निर्वाचन समितिका सदस्यहरु र निर्वाचन समितिले अक्तियारी प्रदान गरेका कुनै पनि कर्मचारीहरुलाई मानसिक, शारीरिक, भौतिक तथा अन्य अस्वाभाविक गतिविधिहरु गरी प्रभावित पार्न नहुने र यदि त्यस्तो अस्वाभाविक गतिविधि कोही कसैबाट गरिएको खण्डमा निर्वाचन समितिले आफ्नो सर्वाधिकार सम्पन्न अधिकार प्रयोग गरी निर्वाचन खारेज गर्न सम्म सक्ने भएको हुँदा सोही बमोजिम सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु पर्ने ।

२०. मतदान संचालन भई रहेको स्थानमा तोकिएको दुरी १०० मिटर भन्दा अगाडी निर्वाचन समितिको अनुमति बिना कुनै पनि व्यक्ति प्रवेश गर्न नपाईने । निर्वाचन समितिसँग कुनै सर सल्लाह गर्नु परेको अवस्थामा बिनम्रता पूर्वक अनुरोध गरी निर्वाचन समितिले दिएको समयावधि र आधिकारिक व्यक्तिसँग मात्र आफ्नो जिज्ञासा राख्न पाइने र तोकिएको जिम्मेवार अधिकारी वा निर्वाचन कार्यक्रममा संलग्न कर्मचारीले दिएको जवाफ निर्वाचन समितिको निर्णय बमोजिम हुने भएको हुँदा उक्त निर्णय सबैका लागि लागू हुने भएको हुनाले सोही बमोजिम सम्पूर्ण मतदाता तथा उम्मेदवारहरुले पूर्ण रुपमा पालना गर्नु गराउनु पर्ने ।

२१. चिकित्सकहरुको मान, मर्यादा र सामाजिक प्रतिष्ठालाई गम्भिर रुपमा मनन गरी संघको केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन स्वच्छ, निष्पक्ष, भयरहित र पारदर्शि तवरबाट संचालन गर्नु पर्ने भएको हुनाले सम्पूर्ण उम्मेदवार तथा मतदाताहरुले आ आफ्नो स्थानबाट निर्वाचन कार्यक्रमलाई सभ्य र भव्य तरिकाले सम्पन्न गराउन यथेष्ट सहयोग गर्नु पर्ने ।

२२. संघको निर्वाचन कार्यक्रम सम्पन्न गर्नका लागि निर्वाचन समितिलाई सर्वाधिकार सम्पन्न बनाइएको हुनाले निर्वाचन समितिले स्वच्छ, निष्पक्ष, भयरहित र पारदर्शि तवरबाट निर्वाचन कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण काम, काजहरु स्वच्छ, निष्पक्ष र पारदर्शि तवरबाट गर्न पाउने र निर्वाचन समितिले गरेका निर्णयहरुलाई सम्पूर्ण उम्मेदवार तथा मतदाताहरुले अनिवार्य रुपमा स्वीकार गरी पालना गर्नु पर्ने ।

२३. मतदाता, उम्मेदवार तथा निर्वाचन कार्यक्रमको सुरक्षाका निम्ती शाखा निर्वाचन समितिले प्रशासन एवं स्थानीय सुरक्षा संयन्त्रहरुसँग समन्वय गरी आवश्यकता अनुसार सुरक्षाकर्मीहरुको परिचालन गर्न सक्नेछ ।

२४. संघको मतदाता नामावलीमा नाम मिल्न गएमा उक्त मतदाताहरुको ल्ब नम्बर र ल्ऋ नम्बर बाट प्रमाणिकरण गरिने छ । त्यसका लागि निर्वाचन समितिले नेपाल मेडिकल काउन्सिलसँग उपलब्ध चिकित्सकहरुको NMC नम्बर सहितको विवरण माग गरि संघको मतदाता नामावलीमा समावेश गरी पुनः शाखा कार्यालयहरुलाई पठाउने निर्णय गरि सकिएको व्यहोरा समेत अनुरोध गरिन्छ । त्यसैले मतदान गर्ने समयमा अनिवार्य रुपमा संघको आजीवन सदस्यताको परिचय पत्र वा निर्वाचन समितिले तोकेको समयावधिभित्र सदस्यताको लागि आवेदन दिई संघबाट उपलब्ध गराइएको परिचय पत्र वा प्रमाण पत्र वा नेपाल मेडिकल काउन्सिलको परिचय पत्र वा प्रमाण पत्र ल्याउनु पर्नेछ । यदि माथी उल्लेखित परिचय पत्र

वा प्रमाण पत्रमा मतदाताहरुको फोटो नभएको अवस्थामा नीज मतदाताको पहिचान खुल्ने फोटो सहितको परिचय पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ। अन्यथा, मतदान गर्न पाइने छैन। साथै सो सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार निर्वाचन अधिकृतसँग सुरक्षित रहने छ।

२५. कथमकदाचित निर्वाचन समितिले तोकेको समयावधिभित्र संघको आजीवन सदस्यता भई सकेका सदस्यहरुको मतदाता नामावलीमा नाम छुट हुन गएको खण्डमा अथवा संघको पूर्व निर्वाचन कार्यक्रममा सहभागी भई सकेको तर प्राविधिक कारणवस हाल सार्वजनिक गरिएको मतदाता नामावलीमा नाम छुट हुन गएको अवस्थामा उक्त सदस्यले नेपाल चिकित्सक संघको परिचय पत्र वा प्रमाण पत्र वा नेपाल मेडिकल काउन्सिलको परिचय पत्र वा प्रमाण पत्र लिई आएको अवस्थामा निर्वाचन समितिले सो उपर रुजु गरि प्रमाणित भएको खण्डमा मात्र नीज सदस्यलाई मतदान दिनबाट बञ्चित गरिने छैन।

२६. निर्वाचन कार्यक्रमलाई सहजतापूर्वक सम्पन्न गर्नका लागि निर्वाचन समितिले नेपाल मेडिकल काउन्सिलको नम्बर सहितको भोटरलिष्ट संघको वेवसाइटमा सबैको जानकारीका लागि राखिएको छ।

## उम्मेदवारहरुले पालना गर्नु पर्ने आचरणहरु

उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरूले निर्वाचन अभियान सञ्चालन गर्दा निम्नलिखित आचरणहरू पालना गर्नु गराउनुपर्दछः–

२७. कुनै धर्म, लिङ्ग, सम्प्रदाय, जात, जाति, भाषा वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी प्रचार प्रसार गर्नु तथा सोही आधारमा मतदान गर्न मतदाताहरूलाई प्रेरित गर्नु गराउनु हुँदैन।

२८. कुनै उम्मेदवारले अन्य उम्मेदवारको आलोचना गर्दा त्यस्ता उम्मेदवारको नीति, कार्यक्रम तथा सार्वजनिक क्रियाकलापमा मात्र सीमित रही त्यस्तो उम्मेदवार वा निजहरूको परिवारका सदस्यहरूको निजी जीवनसँग सम्बन्धित कुराको आलोचना हुने वा चरित्र हत्या हुने गरी प्रचार प्रसार गर्नु गराउनु हुँदैन।

२९. कुनै पनि उम्मेदवारले एक अर्काको प्रजातान्त्रिक अधिकार हनन गर्नु हुँदैन र प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा अशिष्ट एवं असंयमित हुनु हुँदैन।

३०. कुनै उम्मेदवारले मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी उपहार लिनु दिनु हुँदैन।

३१. नेपालको संविधान तथा नेपाल सरकारले गरेको काम कारवाहीहरुका सम्बन्धमा विवाद उत्पन्न हुने खालका अभिव्यक्तिहरु गर्नु हुँदैन।

३२. नेपाल चिकित्सक संघको विधान विपरित कुनै पनि कार्यहरु गर्नु गराउनु हुँदैन।

३३. निर्वाचन अधिकृतद्वारा वितरित निर्वाचनसम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले पनि बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन हुँदैन।

३४। कसैले पनि कुनै किसिमको डर, त्रास, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षासम्बन्धी अधिकारीहरूलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गराउनु हुँदैन ।

३५। कसैले पनि मतदातालाई डर, धाक, धम्की, त्रास, प्रलोभन वा धर्म, लिङ्ग झल्काउने जस्तो काम गरी निजको इच्छा विपरीत मतदान गर्न बाध्य गर्नु गराउनु हुदैन ।

३६। निर्वाचन विथोल्ने वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्नु गराउनु हुदैन ।

३७। मतदाताहरूलाई मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमको अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

३८। कुनै पनि उम्मेदवारले वा निजका प्रतिनिधि वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जबर्जस्ती हत्याउनु वा खोस्नु, नास्नु वा बिगार्नु हुँदैन ।

३९। मतदान कार्य वा मतगणना समेत बिना अवरोध निर्वाधरूपमा सञ्चालन हुन दिनुपर्छ र त्यसको लागि जो चाहिने उपयुक्त वातावरणको सिर्जना गरिदिनु सबैको कर्तव्य हुनेछ ।

४०। कुनै पनि उम्मेदवारले आफ्नो समर्थकहरूलाई निर्वाचनसम्बन्धी आचार संहिताको पूर्णरूपमा जानकारी दिई सोको पालना गर्न गराउन लगाउनुपर्नेछ । यसको जिम्मेवारी सम्बन्धित उम्मेदवारले लिनुपर्नेछ ।

४१। कुनै पनि उम्मेदवारले निर्वाचनको क्रममा नेपाल चिकित्सक संघको विधान, नियम, आदेश तथा निर्देशिकाहरूमा भएका व्यवस्थालाई पूर्णरूपमा पालना गर्नु गराउनु पर्दछ । निर्वाचन सम्बन्धी कुनै गुनासो वा उजुरी भएको खण्डमा अनुसूची ५ बमोजिम उजुरी गर्नबाट बञ्चित गरिने छैन ।

४२। उम्मेदवारले आफ्ना समर्थकहरूलाई अरु उम्मेदवारहरूको प्रचार प्रसार विथोल्न वा बाधा पुऱ्याउनबाट रोक लगाउनुपर्दछ ।

## अन्य व्यवस्था

४३। उपत्यका बाहिर निर्वाचन समाप्त भय पश्चात मतदान गर्ने चिकित्सकको विवरण website मा प्रकाशन गर्ने व्यवस्था मिलाईने।

४४। मतदानस्थलमा मतदाताहरूलाई चिट तथा मोबाइल लैजान प्रतिबन्ध लगाउने।

४५। प्रत्येक मतदान स्थलमा प्रत्येक team को १-१ जना प्रतिनिधि अनिवार्य उपस्थित गराइने ।

## अनुसूची १ : मतदान प्रतिनिधिको नियुक्ति

श्री ……………..

……………………

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष- १, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ ( प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न हुने निर्वाचनमा म …………………………………. उम्मेदवार भएकोले तपाई श्री ………………………………लाई मेरो मतदान प्रतिनिधिको रुपमा नियुक्ति गरेको छु । तपाईले मेरो तर्फबाट निर्वाचन समितिको अधिनमा रही निर्वाचन प्रतिनिधिको रुपमा गरेको निर्वाचन सम्बन्धी काम कारवाइमा मेरो मञ्जुरी छ ।

मितिः- (सही……………………….)
नाम…………………… … ठेगाना ……………………
बोधार्थ तथा कार्यार्थ
श्री निर्वाचन अधिकृतज्यू,
…………………………
नेपाल चिकित्सक संघ ………………….शाखा कार्यालय
मितिः-

सही………….
निर्वाचन अधिकृत

**अनुसूची २ः सम्बन्धित केन्द्रमा मतदाता नामावलीमा नाम नभएका तर केन्द्रको मूल मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्नका लागि दिने निवेदनको ढाँचा**

श्री निर्वाचन अधिकृतज्यू

......................

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न हुने निर्वाचनमा म नेपाल चिकित्सक संघको सदस्य नम्बर ......................................... संघको केन्द्रीय मतदाता नामावलीमा नाम समावेश भएको तर मैले मेरो नामको मतदान ....................शाखामा दिन पाउँ भनी यो निवेदन दिएको छु ।

मितिः-.............................          (सही............................)

नाम...........................          ठेगाना ........................

## अनुसूची ३: मतदान समाप्त भएको मुचुल्का

प्रथम दिन/दोस्रो दिन

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) भएको मतदान कार्य………………बजे मिति………………मा शुरु भई…………………बजे सम्पन्न भएको ठीक साँचो हो ।

उम्मेदवार वा प्रतिनिधिहरुको सही
श्री……………………… .
श्री……………………….
श्री……………………….
श्री……………………….
श्री……………………….
श्री……………………….

…………………
निर्वाचन अधिकृत

## अनुसूची ४: मत खसाल्ने मतपेटिकाको शिलबन्दी गरेको मुचुल्का

प्रथम दिन/दोस्रो दिन

नेपाल चिकित्सक संघ २०८२-२०८५ कार्यकारिणी समिति निर्वाचन, ........................सम्म नेपाल चिकित्सक संघ, ..............................मा बिहान ८ बजे देखि अपरान्ह ६ बजेसम्म हुने निर्वाचन प्रयोजनको लागि मत खसाल्ने मतपेटिका आज मिति ........................ निम्न उम्मेदवारको रोहवरमा मतपेटिका शिलबन्दी गरिएको ठिक छ भनि सही छाप गरि दियौं। पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं ।

तपसील

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.

......................
निर्वाचन अधिकृत

## अनुसूची ५: उजुरीको ढाँचा

श्री निर्वाचन अधिकृत

.............................. ।

### विषय : आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी

मिति ...................... मा हुने नेपाल चिकित्सक संघ केन्द्रीय कार्यकारिणी समितिको २०८२-२०८५ कार्यकालका लागि निर्वाचन कार्यक्रममा निर्वाचन आचार संहिताका उल्लङघन भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीको लागि यो उजुरी दिएको छु ।

१. आचार संहिता उल्लङ्घनकर्ताको नाम :- .....................................

२. ठेगाना/संलग्न संस्था/निकाय :-...............................................

३. आचार संहिता उल्लङघनको संक्षिप्त व्यहोरा :-

....................................................................

..............................................................................................................

....................

४. संलग्न प्रमाण :-

.......................................................................................................

......

..............................................................................................................

....................

उजुरीकर्ता : उजुरीकर्ताको दस्तखत : नाम, थर :

सम्पर्क ठेगाना :

सम्पर्क फोन नं./मोबाईल नं.: ..........................मिति :

द्रष्टव्य :

(१) उजुरीकर्ताले निजको परिचय गोप्य राख्न अनुरोध गरेमा निजको परिचय गोप्य राख्नु पर्नेछ ।

(२) उजुरी मौखिक रुपमा वा कुनै सञ्चारको साधनबाट समेत दिन सकिनेछ ।

## अनुसूची ६: मतगणना परिणाम मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न भएका निर्वाचनको मतगणना परिणाम अनुसार मतदान भएको जम्मा …………………मत मध्ये ……………………मत बदर भएको र …………………सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

उम्मेदवारको नाम थरः……………………………
प्राप्त सदर मत

क्रम विजयी पराजित
१. उम्मेदवार …………………को प्रतिनिधि श्री……………………
२. उम्मेदवार …………………को प्रतिनिधि श्री……………………
३. उम्मेदवार …………………को प्रतिनिधि श्री……………………

स्थानः-

प्रमुख निर्वाचन अधिकृत
निर्वाचन समिति २०८२-२०८५

# मतगणना प्रतिनिधिको नियुक्ति

श्री प्रमुख निर्वाचन अधिकृतज्यू  
केन्द्रीय निर्वाचन समिति  
नेपाल चिकित्सक संघ

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय , निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न निर्वाचनको मतगणना कार्य नसकुन्जेल सम्मका लागि म डा.............................................................................................. उम्मेदवार भएकोले तपाई डा..........................लाई मेरो मतगणना प्रतिनिधिको रुपमा नियुक्ति गरेको छु । तपाईले मेरो तर्फबाट निर्वाचन समितिको अधिनमा रही निर्वाचन प्रतिनिधिको रुपमा गरेको मतगणना सम्बन्धी काम कारवाइमा मेरो मन्जुरी छ ।

मितिः-

(सही............................)  
नाम........................ ... ठेगाना ........................

बोधार्थ तथा कार्यार्थ  
श्री निर्वाचन अधिकृतज्यू,  
केन्द्रीय निर्वाचन समिति

मितिः-

सही..............................  
निर्वाचन अधिकृत

## शिलबन्दी मतपेटिकाको शिलबन्दी खोल्ने मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न निर्वाचनमा प्रयोग गरिएका मतपेटिकाहरु नियमानुसार सिलबन्दी गरि सहि सलामत रुपमा पाइएको हुनाले उक्त मतपटिकाहरु खोल्नका लागि मिति ......................... निम्न उम्मेदवार तथा प्रतिनिधिहरुको रोहवरमा शिलबन्दी मतपेटिका खोली ठिक छ भनि सही छाप गरि दियौं । पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं ।

तपसील

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

.....................

प्रमुख निर्वाचन अधिकृत

**नेपाल चिकित्सक संघको २९ औं केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालको सम्पन्न निर्वाचनमा मतगणनाका लागि तयार गरिएको आचार संहिता**

नेपाल चिकित्सक संघ निर्वाचन नियमावली २०७० मा व्यवस्था गरिएका प्रावधानहरु

**परिच्छेद ७**
**मतगणना**

**१.निर्वाचन समितिको निर्णय :**

(१) मतगणना सम्बन्धी कामको लागि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन अधिकृतबाट तोकिएको संख्यामा मतगणना प्रतिनिधि नियूक्त गर्न सक्नेछ।

(२) शान्तिपूर्ण तवरबाट मतगणना सम्पन्न गर्न सहयोग गर्ने र मत गणना गर्दा तयार गर्नु पर्ने मुचुल्कामा सहि गर्नु उम्मेदवार स्यवं वा प्रतिनिधिको कर्तव्य हुनेछ।

(३) निर्वाचनको सम्पूर्ण कार्यक्रममा कुनै पनि प्रकारको बाधा, अड्चन तथा विवाद उत्पन्न भएमा, निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ।

**२. बदर मतपत्र**

मतगणना क्रममा निम्न बमोजिमका मतपत्र बदर हुनेछ।

क. निर्वाचन समितिका पदाधिकारीहरूको दस्तखत नभएको।

ख. निर्वाचन समितिले तोकेको मत संकेत गर्ने रेजा ( ☐ ) चिन्हले मत संकेत नगरी अन्य चिन्ह प्रयोग गरेको।

ग. मत संकेत ( ☐ ) चिन्ह नबुझ्ने गरी लत्पतिएको वा च्यातिएको वा फोहर गरिएको।

घ. उम्मेदवारको मत कोठामा मत संकेत नगरी अन्यत्र मत संकेत गरिएको।

ङ. उम्मेदवार नरहेको स्थानमा मत संकेत गरिएको।

च. कुन उम्मेदवारलाई मत दिएको हो सो नछुट्टिने गरी मत संकेत गरिएको।

छ. आवश्यकताभन्दा बढी उम्मेदवारलाई मतदान गरेको।

ज. जाली मतपत्र

झ. अक्षर वा शब्दहरू लेखिएको

**३. मतगणना कार्य रोक्न नहुने :**

मतगणनाको काम प्रारम्भ गरेपछि सबै मतपत्रहरूको गणना लगातार गर्नु पर्नेछ। तर कुनै कारणवश मतगणनाको काम समाप्त हुनुभन्दा पहिले मतगणना रोक्नु पर्ने परिस्थिति उत्पन्न भएमा रोक्नु पर्ने कारण उल्लेख गरि मुचुल्का तयार गरी मतगणना अधिकृतले प्रमाणित गर्नुपर्नेछ। यसरी रोकिएको मतगणना कार्य यथासक्य चाँडो पुनः प्रारम्भ गर्नु पर्नेछ।

**४. मत बराबर भएमा गोला हाली निर्णय गर्ने :**
मतगणनाको कार्य समाप्त भएपछि दुई वा दुईभन्दा बढी उम्मेदवारहरूको मत बराबर भएमा प्रमुख निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारहरूका बीचमा गोला हाली निर्णय गर्नेछ ।

## परिच्छेद ९
## निर्वाचन परिणाम घोषणा

मतगणनाको सवै कार्य समाप्त भै सकेपछिमात्र निर्विरोध निर्वाचित तथा विजयी उम्मेदवारहरूको परिणामको घोषणा गरीनेछ ।

निर्वाचन नियमावलीमा व्यवस्था गरिएको प्रावधानहरुसँगै यस मतगणनालाई स्वच्छ, निष्पक्ष र पारदर्शि तवरबाट मतगणना कार्य सम्पन्न गर्नका लागि निम्न लिखित व्यवस्था थप गरिएको छ ।

१) उम्मेदवारहरुको प्रतिनिधि मतगणना सम्पन्न नहुँदा सम्मका लागि एकजना प्रतिनिधिलाई मात्र मतगणना प्रतिनिधिको रुपमा निर्वाचन समितिले चयन गर्नेछ र उक्त प्रतिनिधि मतपत्र गणना नसकिएसम्म मतपत्र गणना स्थल छाडेर जान पाइने छैन । जानै परेको अवस्थामा मतपत्र गणना परिणामको मुचुल्कामा दस्तखत गरेर मात्र जान पाईने छ । मतपत्र गणना पश्चात उक्त स्थलमा उपस्थित रहेका बाँकी उम्मेवार वा प्रतिनिधिहरुको दस्तखतबाट मात्र पनि मतपत्र गणना घोषणा गरिनेछ ।

२) यदि कुनै कारणवस प्रतिनिधि परिवर्तन गर्नु पर्ने मनासिब कारण देखाई निर्वाचन अधिकृत समक्ष आग्रह गरेको अवस्थामा नीजको सट्टामा अर्को प्रतिनिधी नियुक्त गर्न सकिनेछ । त्यसरी तोकिएको प्रतिनिधिले आफ्नो प्रतिनिधिले गणना गरेको
प्रक्रियालाई निरन्तरता दिने गरी अर्थात उक्त प्रतिनिधिले गणना स्थल छोड्ने अवस्थाको निर्णयलाई मान्य हुने गरी कुनै वादविवाद नगरी मत गणना प्रक्रिया अगाडी बढाउन सहयोग गर्नु पर्नेछ ।

३) मतगणना गर्दा प्रतिनिधिहरुले मतपत्र छुन नपाउने तर मतपत्रको संकेत सम्बन्धी शंका लागेमा पुन देखाउन अनुरोध गर्नु पर्ने।

४) उम्मेदवारहरु मतगणनाको समयमा मतगणना भएको स्थानमा बस्न नपाउने तर मतगणनाको संख्याको जानकारी निर्वाचन समितिबाट जानकारी गराईनेछ ।

५) मतपत्र गणना स्थलमा कुनै पनि व्यक्ति मद्यपान, धुम्रपान तथा पान गुड्का सेवन गरी प्रवेश गर्न नपाईने ।

मतगणना स्थलमा सहभागी हुने पाउने व्यक्तिहरु

- उम्मेदवार वा उम्मेदवारका निर्वाचन प्रतिनीधी (१ जना १ गणना स्थलमा )
- सुरक्षाकर्मी, तथा सुरक्षा संयन्त्रहरु
- निर्वाचन समितिले तोकेका कर्मचारीहरु
- निर्वाचन अधिकृतले तोकेका ब्यक्तिहरु
- नेपाल चिकित्सक संघका पदाधिकारीहरु

यी बाहेक अन्य ब्यक्तिहरु निर्वाचनको मतगणना प्रक्रियामा जान पाँउदैनन् ।

मतपत्र Valid हुने प्रक्रिया

१) कालो अथवा निलो वा अन्य कुनै पनि रंगको कलमबाट मत संकेत भएमा,
२) खामबन्दी मत पत्र खोल्दा स्टिज वा गम टाँसिएर अलिकति च्यातिएको अवस्थामा,
३) मतपत्र हल्का च्यातिएको अवस्थामा,
४) मतपत्रमा केन्द्रीय स्तरको निर्वाचन अधिकृत मध्ये कम्तिमा २ जना र शाखाको निर्वाचन अधिकृत मध्ये १ जनाले हस्ताक्षर गरेकोमा,
५) खामबन्दी गरि मतदान गरेको अवस्थामा केन्द्रीय मतकेन्द्र र शाखाको मतकेन्द्र दुबैमा एकै मतदाताले खाम बन्दी गरेको अवस्थामा केन्द्रीय मतदान केन्द्रमा गरिएको मतपत्र मान्य हुने।
६) एकै मतदाताले शाखामा खामबन्दी नगरि मतदान गरेको तर केन्द्रमा आई खामबन्दी सहित मतदान गरेका अवस्थामा केन्द्रको मतपत्र अमान्य हुने ।
७) संघका शाखा कार्यालयहरुको मतपत्रमा कम्तिमा ४ जनाको हस्ताक्षर भएको हुनु पर्ने अन्थया उक्त मत पत्र बदर गरिनेछ । केन्द्रको हकमा ५ जनाको हस्ताक्षर भएको मतपत्रलाई मात्र सदर गरिनेछ ।

मतपत्र Valid नहुने प्रक्रिया

१) निर्वाचन समितिले तोकेको मत संकेत गर्ने रेजा ( ☐ ) चिन्हले अर्को उम्मेदवारको रेजा गर्ने कोठा वा उम्मेदवारको नामलाई छोएमा
२) रेजा ( ☐ ) चिन्ह भन्दा बाहेक उम्मेदवार वा निर्वाचन समितिलाई प्रष्ट वा सांकेतिक रुपमा अपहेलना गरेमा

माथि उल्लेखित निर्वाचन नियमावलीमा व्यवस्था गरिएको प्रावधान एवं आजको मतगणनाका लागि व्यवस्था गरिएका माथि उल्लेखित सम्पूर्ण प्रावधानहरु बाहेक पनि कुनै कुरामा विवाद उठेमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

माथि उल्लेखि भएका बुँदाहरु अनुसार मतगणना कार्यक्रम संचालन गर्न हाम्रो मञ्जुरी छ ।

तपसिलका उम्मेदवार तथा अधिकारप्राप्त प्रतिनिधिहरु तथा नीजहरुको दस्तखत

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.
११.
१२.
१३.
१४.
१५.
१६.
१७.
१८.
१९.
२०.
२१.
२२.
२३.
२४.

.....................................

प्रमुख निर्वाचन अधिकृत

# मतगणना गर्ने स्थलको मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न निर्वाचनको मा प्रयोग गरिएका मतपेटिकाहरु नियमानुसार सिलबन्दी गरि सहि सलामत रुपमा पाइयोको हुनाले उक्त मतपटिकाहरु खोली मतगणना गर्नका लागि आज मिति ...................... गते .................. नेपाल चिकित्सक संघको केन्द्रीय कार्यालय प्रर्दशनीमार्ग, काठमाडौंमा निम्न लिखित बुँदाहरुमा सर्व सम्मत सहमति गरी ठिक छ भनि सही छाप गरि दियौं । पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं ।

**तपसिलका बुँदाहरु**

१) निर्वाचनमा मतगणनाका लागि तयार गरिएको आचार संहिता पूर्णरुपमा पालना गर्ने

२) नेपाल चिकित्सक संघको केन्द्रीय कार्यालयमा ३ स्थानमा मतगणना गर्ने

३) नेपाल चिकित्सक संघ निर्वाचन नियमावली २०७० को परिच्छेद ८ (मतगणना) को बुँदा ३ बाहेक मतगणना कार्य समापन नहुन्जेल रोक्न नमिल्ने

४) मतगणना कार्य सबैभन्दा पहिले शाखा कार्यालयहरुबाट शुरु गर्ने र संघका शाखा कार्यालयबाट प्राप्त मतपत्रहरु पूर्व र पश्चिम मिसाई गणना गर्ने ।

तपसील

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

११.
१२.
१३.
१४.
१५.
१६.
१७.
१८.
१९.
२०.
२१.
२२.
२३.
२४.
२५.
२६.
२७.
२८.
२९.
३०.

.....................
प्रमुख निर्वाचन अधिकृत

## मतगणना गर्ने स्थलको मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार ( प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न निर्वाचनको मतगणना गर्नका लागि आज मिति ................................ नेपाल चिकित्सक संघको केन्द्रीय कार्यालय प्रर्दशनीमार्ग, काठमाडौंमा ..................वटा स्थानमा मतगणना गर्न ठिक छ भनि निर्वाचन समितिले तयार गरेको मतगणना आचार संहित अनुरुप सही छाप गरि दियौं । पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं ।

तपसील

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

११.

१२.

१३.

१४.

१५.

......................

प्रमुख निर्वाचन अधिकृत

## शिलबन्दी मतपेटिकाको शिलबन्दी खोल्ने मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार ( प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सम्पन्न निर्वाचनमा प्रयोग गरिएका मतपेटिकाहरु नियमानुसार सिलबन्दी गरि सहि सलामत रुपमा पाइएको हुनाले उक्त मतपटिका खोल्नका लागि ........................ निम्न उम्मेदवार तथा प्रतिनिधिहरुको रोहवरमा शिलबन्दी मतपेटिका खोली ठिक छ भनि सही छाप गरि दियौं। पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं।

तपसील

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

......................

प्रमुख निर्वाचन अधिकृत

## शिलबन्दी मतपेटिकाको शिलबन्दी खोल्ने मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सौहार्दपूर्ण वातावरणमा सम्पन्न निर्वाचनमा प्रयोग गरिएका मतपेटिकाहरु ......................... सुरक्षाकर्मी, उम्मेदवार तथा नीजका प्रतिनिधिहरुको उपस्थितिमा नियमपूर्वक मुजुल्का उठाई सर्वप्रथम जुम्ला, सुर्खेत, दाङ र लुम्बिनी शाखाका मतपेटिकाहरु खोली उक्त स्थानबाट उपलब्ध गराईको मुचुल्का बमोजिम रुजु गरी मतपत्र मिलाई नियमानुसार सिलबन्दी गरि राखिएको र आज मिति.................बार सहि सलामत रुपमा पाइयोको हुनाले उक्त मतपटिका खोल्नका लागि मिति ........................निम्न उम्मेदवार तथा प्रतिनिधिहरुको रोहवरमा शिलबन्दी मतपेटिका खोली ठिक छ भनि सही छाप गरि दियौं । पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं।

तपसील

| सि.नं. | नाम | सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

..............................

प्रमुख निर्वाचन अधिकृत

## शिलबन्दी मतपेटिकाको शिलबन्दी खोल्ने मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) सौहार्दपूर्ण वातावरणमा सम्पन्न निर्वाचनमा निम्न .......................................................शाखाहरुबाट नियमानुसार सिलबन्दी गरी पठाईएका मतपेटिकाहरु सहि सलामत रुपमा पाइयोको हुनाले उक्त मतपटिका खोल्नका लागि ................................ सुरक्षाकर्मी, उम्मेदवार तथा प्रतिनिधिहरुको रोहवरमा शिलबन्दी मतपेटिका खोली ठिक छ भनि सही छाप गरि दियौं । पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं ।

तपसील

| सि.नं. | नाम | सही |
|---|---|---|

............................................................................................................

............................................................................................................

............................................................................................................

............................................................................................................

..............................

प्रमुख निर्वाचन अधिकृत

## मतगणना स्थलमा भएको उपस्थिति

तपसील

| सि.नं. | नाम | सही |
|---|---|---|

.........................................................................................................
.........................................................................................................
.........................................................................................................
.........................................................................................................

.............................
प्रमुख निर्वाचन अधिकृत

## मतगणनाका सम्बन्धमा बैठक

स्थानः नेपाल चिकित्सक संघ

तपसील

| सि.नं. | नाम | सही |
|---|---|---|

.........................................................................................................
.........................................................................................................
.........................................................................................................
.........................................................................................................

.............................
प्रमुख निर्वाचन अधिकृत

आज मिति ......................... गते नेपाल चिकित्सक संघको कार्यालयमा निर्वाचन समितिका सदस्यहरु र उम्मेदवारहरु बीच बैठक बसी मतगणना कार्यलाई मिति ......................... देखि मत गणना गर्ने गरी निम्न लिखित बुँदाहरु सहमति गरियो।

१) मतगणना कार्यलाई शान्तिपूर्ण रुपमा संचालन गर्न सम्पूर्ण उम्मेदवार तथा प्रतिनिधिहरुले निर्वाचन समितिलाई पूर्ण सहयोग गर्ने र मतगणना ...............................देखि गर्ने भएको हुनाले विहान .................... बजे भित्र उम्मेदवार आफै वा नीजको आधिकारिक १ जनामात्र प्रतिनिधि मतगणना स्थलमा आई पुग्नु पर्ने निर्णय गरियो ।

२) मतगणनाको समयावधिका सम्बन्धमा निर्वाचन समितिले गरेको निर्णयलाई सबैलाई मान्य हुने सर्व सम्मत निर्णय गरियो।

३) मतगणनालाई पारदर्शि र आधुनिक टेक्नोलोजीको प्रयोग गर्न सम्भव भएसम्म लाइभ टेलिकास्ष्ट गर्ने अन्यथा नेपाल चिकित्सक संघको आधिकारिक फेसबुक मार्फत भएपनि लाईभ गर्ने निर्णय गरियो ।

४) केही मतदाताहरुले संघका शाखा कार्यालयहरुमा र संघको केन्द्रीय कार्यालयमा रहेको मतदान केन्द्रमा निवेदन दिई दोहोरो मतदान गरेको पाइएको अवस्थामा उक्त मतदाताको नाम दुबै ठाउँमा रुजु गरी दोहोरो मतदान गरेको प्रमाणित भएको खण्डमा केन्द्रमा गरेको मतदानलाई सदर गर्ने र शाखामा गरेको मतदानलाई रद्ध गर्ने निर्णय गरियो । सो सम्बन्धमा कुनै विवाद उत्पन्न भएको अवस्थामा निर्वाचन समितिले गरेको निर्णयलाई अन्तिम निर्णय भनी स्वीकार्नु पर्ने निर्णय गरियो।

५) मतगणना गर्ने स्थानका सम्बन्धमा .............................. गतेको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

६) उल्लेखित बुँदाहरुसँग निर्वाचन समितिले तयार गरेको आचारसंहिता बमोजिम मतगणना कार्यलाई अगाडी बढाउन सबैले आ आफ्नो ठाउँबाट सहयोग गर्ने निर्णय गरियो । साथै निर्वाचन समितिको निर्णयलाई अन्तिम मान्ने सर्व सम्मत निर्णय गरियो ।

..............................

प्रमुख निर्वाचन अधिकृत

## मतगणना सम्पन्न भएको मुचुल्का

नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० अनुसार नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति २०८२-२०८५ कार्यकालका लागि अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-७ (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१, कोषाध्यक्ष-१, सह सचिव-१, सह कोषाध्यक्ष-१ र ६ सदस्यहरु गरी जम्मा १९ जना सम्मिलित कार्यकारिणी समितिको निर्वाचन नेपाल चिकित्सक संघ, शाखा कार्यालय, निर्वाचन केन्द्रहरुमा गोप्य मतदान मिति २०८३ वैशाख ०४ गते शुक्रबार र ०५ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) र नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय, निर्वाचन केन्द्रमा गोप्य मतदान मिति २०८३ वैशाख १८ गते शुक्रबार र १९ गते शनिबार (प्रत्येक दिन बिहान ८ बजे देखि अपरान्ह ६ बजे सम्म) भएको मतदानको मतगणना कार्य सुरक्षाकर्मी, उम्मेदवार तथा प्रतिनिधिहरुको रोहवरमा सम्पन्न गरी गणना गरिएका मतपत्रहरु शिलबन्दी गरी सही छाप गरि दियौं । पछि कुनै उजुर बाजुर तथा खरखिचौला गर्ने छैनौं गरेमा यसै लिखतद्वारा बदर हुने छ भनि मञ्जुरी दियौं ।

तपसील

| सि.नं. | नाम | सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

..............................

प्रमुख निर्वाचन अधिकृत